नेपाल सरकार


# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः २९ भाद्र २०८३
प्रतिवेदन नं : १७




पोस्ट डिजास्टर हेल्थ रेस्पोन्स प्लान )Post-Disaster Health Response Plan) को तयारी तथा कार्यान्वयनलाई अघि बढाउने सम्बन्धमा आज कार्य बैठक सम्पन्न भएको। बैठकमा योजनाको प्रगति, आवश्यक कार्यहरू तथा आगामी चरणका गतिविधिबारे छलफल गरिएको।

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल १ वटा केस रिपोर्ट भएका छन्:
    - ० वटा Fever
    - ० वटा Fever with Cough
    - ० वटा Fever with Rash
    - १ वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको

- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।




*बाढीबाट प्रभावित क्षेत्रमा परिचालित टोलीद्वारा सम्पन्न कार्यका केही झलक*


## मनोसामाजिक परामर्श


- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्गका २९ वटा होल्डीङ्ग केन्द्रमा सम्पूर्ण बाढी प्रभावितलाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्य सहयोगका क्रममा प्रभावित व्यक्तिहरूका लागि सीप अभिवृद्धिका गतिविधिहरू पनि सञ्चालन गर्दै आएको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।

**१. मनोसामाजिक परामर्श**






**पछिल्लो २४ घण्टामा मानसिक स्वास्थ्य सहायता प्रदान गरिएको संख्या**





## २. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोली परिचालनः










## परिवार कल्याण महाशाखा

RMNCH (Reproductive, Maternal, Newborn and Child Health)

- रसुवा जिल्लामा हालसालै आएको बाढीबाट प्रभावित पालिकाहरूमा रहेका स्वास्थ्य संस्थाहरूको RMNCH (Reproductive, Maternal, Newborn and Child Health) सेवा अवस्था यकिन गर्न तथा तत्काल आवश्यक पर्ने सहयोग पहिचान गर्न द्रुत मूल्यांकन टोली परिचालन गरिएको थियो। यस अन्तर्गत जिल्लाभित्रका बढी प्रभावित Birthing Center (BC), BEmONC (Basic Emergency Obstetric and Newborn Care) र CEmONC (Comprehensive Emergency Obstetric and Newborn Care) सेवा दिने स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था, सेवा प्रवाहको निरन्तरता र क्षतिको मूल्यांकनको क्रममा रसुवा जिल्ला अस्पतालको CEmONC सेवाको Assessment गरियो ।

- रसुवा जिल्लाको बाढी प्रभावित क्षेत्रमा भएका गर्भवती महिलाहरुको बारेका सम्बन्धित वडाको स्वास्थ्य कर्मि संग फोन Follow-up गरियो साथै मातृ तथा नवजात शिशु स्याहार सेवा सम्बन्धि Update गरियो ।

## पोषण कार्यक्रम

- रसुवा, नुवाकोट तथा धादिंग मा पोषण क्लस्टरको बैठक बसी पोषण प्रतिकार्य सम्बन्धि योजना बनेको छ।
    - प्रभावित पालिकाहरूमा भिटामिन ए तथा एल्बेन्डाजोल वितरण अभियान सञ्चालन गर्ने।
    - गर्भवती महिला तथा किशोरीहरूलाई आइरन फोलिक एसिड चक्की )Iron Folic Acid Tablet) वितरण गर्ने।
    - कक्षा १२ सम्मका विद्यालय जाने बालबालिकालाई एल्बेन्डाजोल वितरण गर्ने।
    - ५ वर्षमुनिका बालबालिकालाई एमएनपी )MNP) वितरण गर्ने म २)हिनाका लागि ६० स्याचेट।(
    - स्तनपान प्रवर्द्धन )Breastfeeding Promotion) गतिविधि सञ्चालन गर्ने।
    - पोषण कार्यक्रमहरू ) IMAM, वृद्धि अनुगमन, IYCF) सुदृढीकरण गर्ने।
    - पोषण क्लस्टरको बैठक प्रत्येक ७ दिनमा एक पटक बसी पोषणसम्बन्धी क्रियाकलापहरूको सबै सरोकारवाला संस्थाहरूबाट अद्यावधिक )update) गर्ने।

## खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक:

- रसुवा र नुवाकोट जिल्लाका सबै बाढी प्रभावित नगरपालिकाहरूमा मुखबाट लगाइने हैजा विरुद्धको खोप (OCV) अभियान सुरु भएको।
- स्वास्थ्यकर्मी, उद्धारकर्मी र घाइतेहरूलाई धनुष्टङ्कार—डिप्थेरिया (Td) खोप लगाउने कार्य जारी।
- रसुवा र नुवाकोट दुवै जिल्लामा हालसम्म कुनै VPD केस रिपोर्ट नभएको।
- नुवाकोटको देउराली PHC बाट २७ भदौ २०८३ मा रिपोर्ट भएको शंकास्पद हैजा केस नेगेटिभ देखिएको।
- **अभियानको चौथो दिनसम्म रसुवामा ९,७३० र नुवाकोटमा २७,८२७ जनाले OCV खोप लिएका (क्रमशः ३०.९% र ३६.१४% कभरेज)।**

| District | Municipality name | Vaccination progress | | | | Total | Sum Total (%) |
|---|---|---|---|---|---|---|---|
| | | 1 – 5 years | | 5 years and above | | | |
| | | Female | Male | Female | Male | | |
| Rasuwa | Gosaikunda Rural Municipality | 63 | 65 | 842 | 751 | 1721 | 9730 (30.9) |
| | Uttargaya Rural Municipality | 56 | 51 | 748 | 616 | 1471 | |
| | Amachodigmo Rural Municipality | 88 | 116 | 861 | 771 | 1836 | |
| | Kalika Rural Municipality | 176 | 181 | 2342 | 2003 | 4702 | |
| Nuwakot | Bidur Municipality | 736 | 821 | 12665 | 9452 | 23674 | 27827 (36.14) |
| | Belkotgadhi Municipality | 104 | 120 | 1618 | 1234 | 3076 | |
| | Kispang Rural Municipality | 5 | 11 | 221 | 219 | 456 | |
| | Tarkeshwor Municipality | 6 | 11 | 332 | 272 | 621 | |

- रसुवाका गोसाईकुण्ड, उत्तरगया र आमाछोदिङमो गाउँपालिकामा ४२३ जनालाई Td खोप र नुवाकोटमा APF मेडिकल टिमको प्रतिवेदन अनुसार १२१ जनालाई TT खोप लगाइएको।
- धादिङ, चितवन र गोर्खाका बाँकी प्रभावित वडाहरूमा MR र OCV अभियानका लागि पूर्वतयारी कार्य सुरु भएको।
- WHO-IVD का SIMOs र UNICEF TSU ले खोप सत्रहरूको अनुगमन, Td खोपको प्राविधिक सहयोग, र OCV अभियानको योजना/समन्वयमा निरन्तर सहयोग गरिरहेको।




किस्पाङ गाउपालिकामा खोप केन्द्र सञ्चालन

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (RCCE) सम्बन्धी प्रमुख गतिविधिहरू










यस अवधीमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्रबाट तथा परिवार कल्याण महाशाखा बाल स्वाटस्थ्य तथा खोप शाखाबाट झापा र कैलालीमा हुन गइरहेको जापनिज इन्सिफलाइटिस विरुद्धको खोप अभियानका बारेमा सन्देशमुलक जानकारी सम्प्रेषण गरिएको छ । साथै राष्ट्र्य बाल दिवस तथा हरितालिका तिजको शुभकामना सन्देश सम्प्रेषण गरिएको छ ।

**जापानीज इन्सेफलाइटिस (JE) विरुद्ध खोप अभियान सम्वन्धि मुख्य सन्देश:**

झापा र कैलालीमा हुन गइरहेको ३० वर्ष भन्दा माथिका उमेर जापनिज इन्सिफलाइटिस विरुद्धको खोप अभियानका बारेमा सन्देशमुलक जानकारी सम्प्रेषण गरिएको छ । राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्र तथा खोप शाखाबाट निरन्तर यसको सन्देश गइरहेको छ ।
जापानीज इन्सेफलाइटिस (JE) विरुद्ध खोप अभियान
जापानीज इन्सेफलाइटिस (JE) का कारण बिरामी र मृत्यु बढ्दै गएपछि सरकारले पहिलो चरणमा झापा र कैलालीमा JE विरुद्धको खोप अभियान सञ्चालन गर्दैछ।
📅खोप अभियान सुरु हुने मितिः
🔴कैलाली ‘ असोज १ गतेदेखि
🔴झापा ‘ असोज ५ गतेदेखि
📍पहिलो चरणका लक्षित क्षेत्रः
➡️झापा जिल्ला

कैलालीका धनगढी उपमहानगरपालिका, लम्कीचुहा नगरपालिका र घोडाघोडी नगरपालिका
३० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूले JE विरुद्धको खोप लगाउनुहोस्।
खोपको मिति, समय र स्थानबारे जानकारीका लागि नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सम्पर्क गर्नुहोस्।
थप जानकारीका लागि हेल्लो स्वास्थ्यः ११११५ मा सम्पर्क गर्नुहोस्।
https://www.facebook.com/NationalImmunizationProgrammeNepal

## हरितालिका तीजको सन्देश

हरितालिका तीजको हार्दिक शुभकामना!
तीजको पावन अवसरमा सबै दिदीबहिनी तथा आमाहरूमाझ सुख, शान्ति, समृद्धि र सुस्वास्थ्य छाओस्।
मायाप्रेम, आपसी सद्भाव र खुसीका साथ तीजको पर्व मनाऔं।

https://www.facebook.com/nheicc.nepal

## राष्ट्रिय बाल दिवसको सन्देश

राष्ट्रिय बाल दिवस २०८३ को हार्दिक शुभकामना!
"बालापनको रक्षाः भविष्यको सुरक्षा"
हरेक बालबालिकाले स्वस्थ, सुरक्षित, सम्मानजनक र खुसी वातावरणमा हुर्किन पाउनु उनीहरूको अधिकार हो।
बालबालिकाको स्वास्थ्य, पोषण, सुरक्षा, शिक्षा र खुसी सुनिश्चित गर्नु हामी सबैको साझा जिम्मेवारी हो।
आज बालबालिकामा गरेको लगानी नै स्वस्थ, सक्षम र समुन्नत नेपालको बलियो आधार हो।
आउनुहोस्, बालबालिकाको स्वस्थ भविष्य र सुरक्षित बालापनका लागि सँगसँगै अघि बढौं।
राष्ट्रिय बाल दिवस २०८३ को हार्दिक शुभकामना!

https://www.facebook.com/nheicc.nepal

## अनुसुची

**SORMAS** को **Daily Surveillance Report Module** मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु


२८ भाद्र १:०० देखि २९ भाद्र १२:५९ सम्म

### Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds at a population of 0.

| | Population | 13 Sep | Total |
|---|---|---|---|
| Kemin Shyame Wangfel Secondary School | 54 | 1 | 1 |
| Simle Basic School | 0 | N/A | 0 |
| Kalika Himalaya Ma Bi | 0 | N/A | 0 |
| Ji.Sa.Sa Hall | 0 | N/A | 0 |

दैनिक प्रतिवेदन



Government of Nepal
Ministry of Health and Food Safety
Department of Health Services
Family Welfare Division

# ROUTINE IMMUNIZATION & VACCINE PREVENTABLE DISEASE (VPD) SURVEILLANCE IN FLOOD AFFECTED DISTRICTS

*(14 September 2026)*

**Situation report # 9**

## HIGHLIGHTS

- **Oral Cholera Vaccine (OCV) campaign started in all affected municipalities of Rasuwa and Nuwakot district.**
- **Tetanus – diphtheria (Td) vaccination for health workers, rescue teams, and injured individuals is ongoing.**

## ROUTINE IMMUNIZATION (RI) AND VACCINE PREVENTABLE DISEASE (VPD) SURVEILLANCE

- No VPD cases has been reported in both Rasuwa and Nuwakot districts.
- A suspected cholera case reported on 27 Bhadra 2083 from Deurali PHC, Nuwakot, tested negative for Vibrio cholerae.
- Telephonic disease surveillance (syndromic and case-based) is being continued at health facility level.
- WHO-IVD Surveillance Medical Officers (SIMOs) and UNICEF Technical Support Unit (TSU) continued monitoring routine immunization sessions in flood-affected areas, while providing technical support for Td vaccination of frontline responders and supporting planning, coordination, and preparedness activities for the ongoing OCV campaign.

## IMMUNIZATION CAMPAIGN (Td and OCV)

- Preparatory activities have been initiated for the MR campaign in Nuwakot and Rasuwa and the OCV campaign in the remaining affected wards of Dhading, Chitwan, and Gorkha.
- A total of 423 people were vaccinated with Td vaccine in Gosaikunda, Uttargaya, and Aamachhodingmo rural municipalities of Rasuwa districts. A total of 121 individuals received TT vaccination in Nuwakot, as reported by the APF medical team.
- OCV vaccination campaign and Td vaccination is ongoing in Rasuwa and Nuwakot. On the fourth day of campaign (28 Bhadra 2083), 9730 people in Rasuwa and 27827 people in Nuwakot received OCV.

| District | Municipality name | Vaccination progress | | | | Total | Sum Total (%) |
|---|---|---|---|---|---|---|---|
| | | 1 – 5 years | | 5 years and above | | | |
| | | Female | Male | Female | Male | | |
| Rasuwa | Gosaikunda Rural Municipality | 63 | 65 | 842 | 751 | 1721 | 9730 (30.9) |
| | Uttargaya Rural Municipality | 56 | 51 | 748 | 616 | 1471 | |
| | Amachodigmo Rural Municipality | 88 | 116 | 861 | 771 | 1836 | |
| | Kalika Rural Municipality | 176 | 181 | 2342 | 2003 | 4702 | |
| Nuwakot | Bidur Municipality | 736 | 821 | 12665 | 9452 | 23674 | 27827 (36.14) |
| | Belkotgadhi Municipality | 104 | 120 | 1618 | 1234 | 3076 | |
| | Kispang Rural Municipality | 5 | 11 | 221 | 219 | 456 | |
| | Tarkeshwor Municipality | 6 | 11 | 332 | 272 | 621 | |

- WHO – IVD SIMOs and UNICEF Staffs are continuously supporting the supervision and monitoring of the ongoing immunization campaign in both districts along with support for post campaign data compilation.
- RCCE activities are ongoing with NHEICC and UNICEF to enhance community awareness and support response interventions.

## PHOTOGRAPHS FROM PUBLIC HEALTH ACTIVITIES IN FLOOD-AFFECTED DISTRICTS



**Photographs (left to right):** OCV campaign at Kispang Rural municipality in Nuwakot districts.